## नेपाल बैंक लिमिटेड

## निर्वाचन अधिकृतको कार्यालय, धर्मपथ, काठमाडौं

नेपाल बैंक लिमिटेडको मिति २०८१/१२/०६ मा हुने ६५औं वार्षिक साधारण सभाबाट सञ्चालक समितिमा सर्वसाधारण 'ख' समूहका शेयरधनीहरूको प्रतिनिधित्व गर्ने सञ्चालक पद ३ (तीन) को निर्वाचन प्रयोजनको लागि मिति २०८१/११/२६ मा प्रकाशित निर्वाचन कार्यक्रम अन्तर्गत मिति २०८१/११/२८ गते बिहान ११:०० बजेदेखि दिनको २:०० बजेसम्म उम्मेदवारको मनोनयन पत्र दर्ता गर्ने समय निर्धारण गरिएको र दिनको ३:०० बजेदेखि ४:३० बजेसम्म उम्मेदवारको विरोधमा उजुरी दिनसक्ने व्यवस्था रहेकोमा निर्धारण गरिएको समय भित्र ६ जनाको उम्मेदवारी दर्ता भएको जानकारी गराउँदै उम्मेदवारको विरोधमा उजुरी दिन सक्ने व्यवस्था बमोजिम निर्धारित समयमा देहायका २ जना उम्मेदवारहरूको विरोधमा उम्मेदवारहरू मध्येबाटै उजुरी परेकोले मिति २०८१/१२/०१ गते बिहान ११:०० बजेदेखि दिनको १:०० बजेसम्म निर्वाचन अधिकृतको कार्यालयमा आइपुग्ने गरी उजुरी परेका उम्मेदवारले लिखित प्रतिक्रिया प्रमाण सहित पेश गर्नुहुन यसै सूचना मार्फत अनुरोध गरिन्छ ।

| **क्र.सं.** | **विरोधमा उजुरी परेको उम्मेदवारको नाम** | **उजुरीको संक्षिप्त ब्यहोरा** |
|---|---|---|
| १. | श्री विवेक शमशेर ज.ब.रा. | नेपाल बैंक लिमिटेडको सञ्चालकबाट हटेको कम्तीमा ६ महिना समय व्यतित नभएको अवस्थामा पनि उम्मेदवारी दर्ता भएको देखिएकोले नेपाल राष्ट्र बैंक, बैंक तथा वित्तीय संस्था नियमन विभागबाट जारी ई.प्रा. निर्देशन नं. ६ उल्लंघन भएको हुँदा निजको उम्मेदवारी दर्ता मनोनयन खारेज हुनुपर्ने । |
| २. | श्री रमेश दुवाडी | नेपाल बैंकको सञ्चालकको निर्वाचनमा भाग लिनुभएको श्री रमेश दुवाडीको न्यूनतम योग्यता नपुग्ने भएकोले आवश्यक छानबिन हुनुपर्ने । |

मिति: २०८१/११/२८

विद्याकान्त अधिकारी

**निर्वाचन अधिकृत**

नेपाल बैंक लिमिटेड
NEPAL BANK LIMITED
प्रधान कार्यालय